CHANDRAGIRI HILLS LTD.
WHERE WISHES COME TRUE

प्रेस विज्ञप्ति

# निः शुल्क बस सेवाको शुभारम्भ

श्रीमान् सम्पादकज्यू,

काठमाडौं, चन्द्रागिरि पुस १७गते । चन्द्रागिरि हिल्स लिमिटेडका अध्यक्ष चन्द्र प्रसाद ढकालले आज थानकोटस्थित चन्द्रागिरि हिल्स लिमिटेडको परिसरमा निशुल्क बस सेवाको शुभारम्भ गर्नुभयो । निशुल्क बस सेवाको शुभारम्भ कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष ढकालले भालेश्वर महादेवको दर्शन गर्न आउने दर्शानार्थी तथा चन्द्रागिरि घुम्न आउने पर्यटकहरुलाई थप सहज हुने बताउनुभयो ।
कार्यक्रममा संचालक अम्बिका प्रसाद पौडेलले आफ्नो मन्तब्य राख्नु भएको थियो । मन्तब्यकै क्रममा संचालक पौडेलले चन्द्रागिरि क्षेत्रको धार्मिक, ऐतिहासिक तथा पर्यटकीय महत्वको बारेमा प्रकाश पार्नुभयो ।

चन्द्रागिरि हिल्स लिमिटेडले चन्द्रागिरि केबलकार चढेर भालेश्वर महादेवको दर्शन गर्न आउने दर्शानार्थी तथा घुम्न आउने पर्यटकहरुको लागि अशोक लेलेण्डको ४२ सिट क्षमता भएको निशुल्क बस सेवाको व्यवस्था गरेको छ। बसहरु प्रत्येक दिन बिहान साढे सात बजे काठमाडौंको महाराजगञ्ज र कोटेश्वरस्थित भाटभटेनी सुपर मार्केटबाट लाग्ने छन् । महाराजगञ्ज भाटभटेनीबाट छुट्ने बस नयाँ बसपार्क, बालाजु भाटभटेनी, स्वयम्भू, कलङ्की हुँदै चन्द्रागिरि केबलकार पुग्ने छ भने कोटेश्वर भाटभटेनीबाट छुट्ने बस बालकुमारी, ग्वार्को, सातदोबाटो, एकान्तकुना, बल्खु, कलङ्की हुँदै चन्द्रागिरि केबलकार पुग्ने छ । यि बसहरु तत् तत् स्थानहरु हुँदै फर्कने छन् । चन्द्रागिरि केबलकारको टिकट काठमाडौंस्थित आईएमई सेन्टर एवम् भाटभटेनी काउन्टरबाट पनि लिन सकिन्छ ।

***चन्द्रागिरि हिल्स लिमिटेड*** :-

काठमाडौंको दक्षिण-पश्चिममा अवस्थित चन्द्रागिरि डाँडा धार्मिक, ऐतिहासिक र पर्यटकीय दृष्टिले अत्यन्तै महत्वपूर्ण मानिन्छ । नेपालको आन्तरिक पर्यटनलाई प्रवर्द्धन गर्ने एवं बाह्य पर्यटकहरुको नेपाल बसाईलाई एक दिन लम्ब्याउने उद्देश्यले यस डाँडामा चन्द्रागिरि हिल्स लिमिटेडको स्थापना भएको हो ।

Chandragiri Hills Ltd.
(Formerly known as Kathmandu Fun Park Ltd)
City office: IME Complex, 4th Floor,
Panipokhari, Kathmandu, Nepal
Tel: 977-1-4430600 | Fax: 977-1-4002582
www.chandragirihills.com

CHANDRAGIRI HILLS LTD.
WHERE WISHES COME TRUE

समुद्री सतहबाटकरिव १,५०० मिटरको उचाईंमा रहेको चन्द्रागिरि फेदीबाट केबलकार चढेर २,५५१ मिटरको उचाईंमा अवस्थित 'भालेश्वर महादेव' को दर्शन गर्न सकिन्छ । म्यानुअल बालउद्यान, भ्यु टावर, रेष्टुरेन्टर, बहुउद्देश्यीय हल सहित निर्माण गरिएको चन्द्रागिरि डाँडाबाट राजधानी सहर, सगरमाथादेखि पश्चिममा काञ्जिरोवा हिमाल एवं अन्यहिमश्रृङ्खला सहित सिन्धुपाल्चोक, नुवाकोट, रसुवा, गोरखा, तनहुँ, मकवानपुर, चितवनका पहाडी क्षेत्रसमेत देख्न सकिन्छ भने चन्द्रागिरि डाँडाको दक्षिणी भेगका टिस्टुङ्ग, फाकेल, चित्लाङका रमणीय गाउँहरू स्पष्ट रूपमा नियाल्न सकिन्छ । संभवत नेपालको पहिलो अपांङ्ग मैत्रीभौतिक संरचना यहाँको अर्को विशेषता हो ।

गत साउन २४ गतेबाट व्यवसायीक संचालनमा आएको चन्द्रागिरि केबलकारको सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड' ज्यूले गत मङ्सिर ३० गते समुद्घाटन गर्नुभएको थियो ।

विश्वविख्यात केबलकार निर्माता अष्ट्रियन कम्पनी डोप्लमेयरको प्रविधि जडित चन्द्रागिरि केबलकारले प्रतिघण्टा एक हजार जनासम्मयात्रु बोक्ने क्षमता राख्दछन्। केबलकार संचालनमा आएदेखि हिजोसम्म २ लाख २५ हजार जनाले केबरकारको यात्रा गरेर भालेश्वर महादेवको दर्शन गरिसक्नु भएको छ ।

धन्यवाद !

चन्द्रागिरि हिल्स लिमिटेड

Chandragiri Hills Ltd.
(Formerly known as Kathmandu Fun Park Ltd)
City office: IME Complex, 4th Floor,
Panipokhari, Kathmandu, Nepal
Tel: 977-1-4430600 | Fax: 977-1-4002582
www.chandragirihills.com